संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १४ र १५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ २० गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर मा० श्री सरिता कुमारी गिरीले नोबेल मेडिकल कलजेमा कार्यरत सप्तरी जिल्ला विष्णुपुरका डा० विजय यादवको निर्ममतापूर्वक हत्या गरिएको, उक्त घटनालाई प्रशासनबाट आत्महत्याको रुप दिन खोजिए पनि घटनास्थलका प्रमाणले हत्या भएको आशंका रहेको, मृतकका बुबाले दिएको किटानी जाहेरीलाई समेत अनुसन्धानकर्ताले मिसिलमा संलग्न नगरेको पाइएकोले मानवीय सेवामा संलग्न निर्दोष व्यक्तिको हत्याको छानविन गर्न संसदीय समिति गठन गरी पिडित परिवारलाई न्याय दिलाउन सम्बन्धित पक्षलाई सम्माननीय सभामुखबाट निर्देशन होस् भन्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम जरुरी सार्वजनिक महत्वको प्रस्तावका प्रस्तावक मा० श्री विशाल भट्टराईले “अर्थतन्त्रका प्रमुख परिसूचकहरुप्रति सरकारले यथेष्ट ध्यान पुऱ्याउन नसक्दा जनताको जनजिविकासँग जोडिएका खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुहरुको व्यापक मुल्य वृद्धि भएको छ । सरकारले मुद्रास्फितिलाई रोक्नुको सट्टा दिनानुदिन खाना पकाउने ग्यास, डिजेल, पेट्रोल, मट्टितेल लगायतका जनताको जिवनसँग जोडिएका पेट्रोलियम पदार्थको मुल्य स्वचालित रुपमा पन्ध्र दिनमा एकपटक समायोजन गर्न सक्ने प्रावधान विपरित बढाएको छ । पेट्रोलियम पदार्थको मुल्य बढ्दा यसले पार्ने बहुआयामिक असर सम्बन्धमा कुनै विश्लेषण गरिएको छैन । पेट्रोलियम पदार्थको मुल्य समायोजन कसरी गर्न सकिन्छ भनेर प्रतिपक्ष दल एवं सम्बन्धित क्षेत्रका विज्ञसँग छलफल नगरी निजीकरणको कुरा उठाउनु असान्दर्भिक, गैर जिम्मेवार र वेमौसमी छ । नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरेपनि मुल्यवृद्धिका कारण निम्न वर्ग र कमजोर आयस्रोत भएका मानिसहरुलाई जीवन जीउन गाह्रो परिरहेको छ । जनताको आधारभुत आवश्यकता परिपूर्ति गर्ने कल्याणकारी राज्यको प्राथमिक र सर्वाधिक महत्वपूर्ण दायित्वको सुनिश्चित गर्न तत्काल पेट्रोलियम पदार्थको मुल्य घटाउने स्पष्ट खाका पेश गर्न सरकारलाई झकझक्याउन संसदले पहल गर्न अत्यावश्यक भएकोले” भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावका समर्थक मा० श्री यज्ञराज सुनुवार र मा० श्री गणेश कुमार पहाडीले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० डा० डिला सँग्रौला (पंत)
४. मा० श्री लालबाबु पण्डित
५. मा० श्री नारायण प्रसाद खतिवडा
६. मा० श्री शेरबहादुर तामाङ
७. मा० श्री समिना हुसेन
८. मा० श्री मेटमणि चौधरी
९. मा० श्री बिमला वि.क.
१०. मा० श्री घनश्याम खतिवडा
११. मा० श्री नारायण प्रसाद मरासिनी
१२. मा० श्री राजेन्द्र प्रसाद गौतम
१३. मा० श्री मिनबहादुर विश्वकर्म
१४. मा० श्री गगन कुमार थापा
१५. मा० श्री प्रेम सुवाल
१६. मा० श्री झपट बहादुर रावल
१७. मा० श्री देव प्रसाद तिमलसेना
१८. मा० श्री पार्वता डि.सी. (चौधरी)
१९. मा० श्री नवराज सिलवाल
२०. मा० श्री दिव्यमणि राजभण्डारी
२१. मा० श्री कृष्ण प्रसाद दाहाल
२२. मा० श्री यशोदा गुरुङ्ग (सुवेदी)
२३. मा० श्री मोहन बानियां
२४. मा० श्री दुर्गा पौडेल
२५. मा० श्री विमला विश्वकर्मा
२६. मा० श्री मैना कुमारी भण्डारी
२७. मा० श्री गंगा चौधरी (सत्गौवा)
२८. मा० श्री शान्तिमाया तामाङ पाख्रिन

२९. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
३०. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३१. मा० श्री आशा कुमारी वि.क.
३२. मा० श्री राम बहादुर विष्ट
३३. मा० श्री शान्ता चौधरी
३४. मा० श्री पार्वती कुमारी विसुन्के
३५. मा० श्री रेखा शर्मा
३६. मा० श्री हरिराज अधिकारी
३७. मा० श्री मोहन प्रसाद पाण्डे
३८. मा० श्री सञ्जय कुमार गौतम
३९. मा० श्री राजेन्द्र कुमार के.सी.
४०. मा० डा० भिम बहादुर रावल
४१. मा० श्री कलुदेवी विश्वकर्मा
४२. मा० श्री लक्ष्मी कुमारी चौधरी
४३. मा० श्री अमन लाल मोदी
४४. मा० श्री देवप्रसाद गुरुङ

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० अर्थमन्त्री श्री जनार्दन शर्माले आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथि यही जेठ १७, १८ र १९ गते भएको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुभयो ।

तत्पश्चात मा० अर्थमन्त्रीले दिनु भएको उत्तरको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री गंगा चौधरी (सत्गौवा)
२. मा० श्री विमला वि.क.
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री शान्तिमाया तामाङ पाख्रिन
६. मा० श्री सूर्य प्रसाद पाठक
७. मा० श्री गणेश कुमार पहाडी
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री केदार सिग्देल
१०. मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा)
११. मा० श्री घनश्याम खतिवडा
१२. मा० श्री नवराज रावत
१३. मा० डा० भिम बहादुर रावल
१४. मा० श्री लाल प्रसाद साँवा (लिम्बु)
१५. मा० श्री सरिता कुमारी गिरी
१६. मा० श्री तेजुलाल चौधरी
१७. मा० श्री पद्मा कुमारी अर्याल
१८. मा० श्री दिव्यमणि राजभण्डारी
१९. मा० श्री गगन कुमार थापा
२०. मा० श्री गिरिराजमणि पोखरेल
२१. मा० श्री राधा कुमारी ज्ञवाली
२२. मा० श्री विना कुमारी श्रेष्ठ
२३. मा० श्री शान्ता चौधरी
२४. मा० श्री प्रेम सुवाल
२५. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
२६. मा० श्री लक्ष्मण लाल कर्ण
२७. मा० श्री मेटमणि चौधरी
२८. मा० श्री शेर बहादृर तामाङ
२९. मा० श्री योगेश कुमार भट्टराई
३०. मा० श्री राजबहादुर बुढाक्षेत्री
३१. मा० श्री रेखा कुमारी
३२. मा० श्री दुर्गा पौडेल
३३. मा० श्री लक्ष्मी कुमारी चौधरी
३४. मा० श्री मैना कुमारी भण्डारी
३५. मा० श्री विष्णु शर्मा
३६. मा० श्री समिना हुसेन

यसैबीच सम्माननीय सभामुखले मा० अर्थमन्त्रीलाई जवाफ दिन अनुमति दिनुभएपछि मा० श्री कृष्णभक्त पोखेलले विनियोजन विधेयक, बजेट लगायतमा अर्थ मन्त्रीको नाम जनार्दन शर्मा प्रभाकर भएकोले अर्थ मन्त्रीको नाम जनार्दन शर्मा कि जनार्दन शर्मा प्रभाकर भनी नियमापत्ति गर्नुभएपछि सम्माननीय सभामुखले आफुले अनुमति दिने क्रममा उच्चारण गरेको नाम नै आधिकारिक, औपचारिक र संस्थागत भएको जानकारी गराउनु भयो ।

त्यसपछि मा० अर्थमन्त्री श्री जनार्दन शर्माले उक्त स्पष्टिकरणमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थमन्त्री श्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७९" पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थमन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम उक्त विधेयकमाथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री श्री जनार्दन शर्माले “राष्ट्र ऋण उठाउने विधेयक, २०७९” पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थमन्त्री श्री जनार्दन शर्माले “ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम उक्त विधेयकमाथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री श्री जनार्दन शर्माले “ऋण तथा जमानत ( पच्चीसौं संशोधन) विधेयक, २०७९” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९” पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्नेगरी आजको बैठक दिनको ४:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ५:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर मा० श्री आशा कुमारी वि.क.ले बझाङ्ग जिल्ला निवासी सिन्की बोहोरा यार्सागुम्बा टिप्न जाने क्रममा धनसेरी हिमालको फेद नजिक हिउँ पहिरोमा परी बेपत्ता भएकोले तत्काल खोजी गर्नको लागि नेपाल सरकारको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि मा० अर्थमन्त्री श्री जनार्दन शर्माले “विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त “विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री शेरबहादुर तामाङ र मा० श्री देवप्रसाद गुरुङले भाग लिनुभयो ।

तत्पश्चात मा० अर्थमन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि २०७९ साल जेठ २३, २४, २५, २६ र २७ गतेसम्मका दिनहरु तोकेको जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा विभिन्न मन्त्रालय एवं सचिवालय र सो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु अन्तर्गतको छलफलमा भाग लिनुहुने मा० सदस्यहरुको नाम सम्बन्धित संसदीय दलका पदाधिकारी मार्फत सम्बन्धित मन्त्रालयको विनियोजन शिर्षकहरुमाथि छलफल हुने दिन बैठक बस्नु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ वानेश्वरमा उपलब्ध गराई दिनुहुन समेत अनुरोध गर्नुभयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)लाई “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री विन्दा पाण्डे
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० डा० डिला सँग्रौला (पंत)
५. मा० श्री बिमला वि.क.

यसैबीच मा० श्री शान्ता चौधरीले नियमापत्ति गर्नुहुँदै सदनमा सामान्य छलफल भैरहेको विधेयक सभाका सदस्यहरुले प्राप्त नगरेकोले उक्त विधेयकको प्रक्रिया अगाडि नबढाइयोस् भन्नुभएपछि सम्माननीय सभामुखले उक्त विधेयक यही जेठ १७ गते नै सभाका सदस्यहरुलाई पिजन होल मार्फत् वितरण गरिसकिएको जानकारी सचिवालयबाट प्राप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० श्री सुवास चन्द्र नेम्वाङ्गले हाल छलफल भैरहेको विधेयक बानेश्वरस्थित आफ्नो पिजन होलमा नभेटिएको जानकारी सभामुखलाई गराउनु भएपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २३ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ५:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव